**१. सूचनाको हक सम्बन्धी ऐन २०६४, को दफा ५(३) सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण:**

**सूचना सार्वजनिक गर्ने निकायको नाम:- नेपाल ट्रष्टको कार्यालय, कमलादी ।**

**सूचना सार्वजनिक गरिएको अवधि :- २०७५ माघ देखि २०७५ चैत्र मसान्त सम्म**

## (क) निकायको स्वरुप र प्रकृति

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २३ धारा १५९ मा स्वर्गीय राजा वीरेन्द्र तथा निजका परिवारहरुको नाममा रहेका चल अचल सम्पत्तिहरु राष्ट्रियकरण गरी सामाजिक कार्यमा लगाइने संवैधानिक व्यवस्था अनुरुप नेपाल ट्रष्ट अध्यादेश, २०६४ अनुसार मिति २०६४ साल मंसिर ६ गते अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रुपमा नेपाल ट्रष्ट स्थापना भई नेपाल ट्रष्टको कार्यालय सञ्चालित रहेको छ । सोही वर्ष नेपाल ट्रष्ट ऐन, २०६४ पनि कार्यान्वयनमा आएको छ । ट्रष्टको नीतिगत तथा निर्णायक तहमा माननीय गृहमन्त्रीको अध्यक्षतामा एक सञ्चालक समिति (वोर्ड अफ ट्रष्टिज्) रहेको छ भने कार्यालयको रुपमा नेपाल सरकारका विशिष्ट श्रेणीका कार्यकारी सचिवको नेतृत्वमा नेपाल ट्रष्टको कार्यालय रहेको छ ।

## (ख) निकायको काम, कर्तव्य र अधिकार

नेपाल ट्रष्टलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्य गर्ने अख्तियारी नेपाल ट्रष्ट ऐन, २०६४ ले सञ्चालक समितिलाई प्रदान गरेको छ । यस अनुसार ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन र आय आर्जनका लागि नीतिगत व्यवस्था गर्ने, ऐनको उद्देश्य प्राप्त गर्न आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने, आवश्यक निर्देशिका एवं कार्यविधिहरु जारी गर्ने लगायतका ट्रष्ट सञ्चालन सम्बन्धी कार्यहरु पर्दछन् । सञ्चालक समितिको मुख्य काम, कर्तव्य र अधिकारका सम्बन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ९ को उपदफा (१) ले गरेको कानूनी व्यवस्था देहाय बमोजिम रहेको छ ।

(क) ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको संभार र संरक्षण गर्ने,

(ख) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको ऐनको दफा ४ बमोजिम ट्रष्टमा रहनु पर्ने सम्पत्तिको नेपाल भित्र वा नेपाल बाहिर खोज तलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरण सहितको अभिलेख राख्ने,

(ग) ट्रष्टको स्वामित्वमा आउनु पर्ने ऐनको दफा ४ बमोजिमको सम्पत्ति ट्रष्टको नाममा नामसारी, दाखेल खारेज गराई ट्रष्टको हक सुरक्षण गर्ने,

(घ) ट्रष्टको सम्पत्ति ऐनको दफा ५ बमोजिम राष्ट्रहितमा प्रयोग गर्ने,

(ङ) ट्रष्टको सम्पत्ति यस ऐनको उद्देश्य पूरा गर्न आय आर्जन हुने कार्यमा लगानी गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

यसरी संचालक समितिले लिएका नीतिगत निर्णयहरु तथा अन्य निर्णयहरुको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी नेपाल ट्रष्टको कार्यालयको रहेको छ ।

## (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल ट्रष्टको कार्यालयमा नेपाल सरकारको विशिष्ठ श्रेणीका कार्यकारी सचिवको नेतृत्वमा कुल २६ जना कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेको छ । जुन यस प्रकार छ ।

| सि.नं. | स्वीकृत दरबन्दी विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | पदको नाम | पद संख्या | श्रेणी | सेवा | समुह | उपसमुह |
| १ | कार्यकारी सचिव | १ | विशिष्ट | - | - | - |
| २ | सह सचिव | १ | रा.प्र. प्रथम | प्रशासन | प्रशासन | - |
| ३ | उप सचिव | १ | रा.प्र. द्वितीय | प्रशासन | समान्य प्रशासन | |
| ४ | उप सचिव | १ | रा.प्र. द्वितीय | वन | बोटानी | |
| ५ | उप सचिव | १ | रा.प्र. द्वितीय | न्याय सेवा | कानुन | |
| ६ | शाखा अधिकृत | १ | रा.प्र. तृतीय | इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग | |
| ७ | शाखा अधिकृत | ३ | रा.प्र. तृतीय | प्रशासन | सामान्य प्रशासन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | लेखा अधिकृत | १ | रा.प्र. तृतीय | प्रशासन | लेखा | |
| ९ | नापी अधिकृत | १ | रा.प्र. तृतीय | ईन्जिनियरिङ्ग | सर्भे | |
| १० | नायब सूब्बा | ४ | रा.प. अंन | प्रशासन | सामान्य प्रशासन | |
| ११ | लेखापाल | १ | रा.प. अंन | प्रशासन | लेखा | |
| १२ | सर्भेक्षक | १ | रा.प. अंन | ईन्जिनियरिङ्ग | सर्भे | |
| १३ | कम्प्यूटर अपरेटर | १ | रा.प. अंन | विविध | प्रशासन | |
| १४ | हलूका सवारी चालक | ३ | श्रेणी विहिन | ईन्जिनियरिङ्ग | - | |
| १५ | कार्यालय सहयोगी | ६ | श्रेणी विहिन | - | - | |

यसको अलावा यस कार्यालय अन्तर्गत रहेका देहायका इकाई कार्यालयहरुमा देहायको संख्यामा विभिन्न पद तथा श्रेणीका कर्मचारीहरु रहेका छन् ।

१. इकाई कार्यालय, राजनिकुञ्ज, गोकर्ण - १० जना

२. ईकाई कार्यालय, रत्नमन्दीर पोखरा -१३ जना

३. इकाई कार्यालय, कान्तिईश्वरी गृह, हेटौंडा - ५ जना

४. इकाई कार्यालय, दियालो बंगला, चितवन - ७ जना

५. इकाई कार्यालय, थानसिङ्ग, नुवाकोट - ३ जना

## (घ) निकायबाट प्रदान गरिने सेवा

नेपाल ट्रष्टको कार्यालय, नेपाल ट्रष्टको व्यवस्थापन सम्बन्धमा संचालक समितिले लिएका नीतिगत तथा अन्य निर्णयहरु कार्यान्वयन गर्ने निकाय भएको र यस कार्यालयको प्रत्यक्ष सरोकार सर्वसाधारणको सेवा प्रदानमा रहेको देखिदैन । यसका बाबजुद ट्रष्टको उद्देश्य, ट्रष्टको जानकारी, ट्रष्टका भावि कार्यक्रम तथा योजना जस्ता विषयमा सर्वसाधारणको जिज्ञासा र कार्यालयको वार्षिक कार्यक्रमहरु मार्फत सुचना / जानकारी सम्बन्धी सेवा प्रदान गरिदै आएको छ ।

## (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

उल्लेखीत सेवाहरु प्रदान गर्न र कार्यहरु गर्नका लागि यस कार्यालयमा सम्पत्ति व्यवस्थापन तथा प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, कानून तथा परामर्श शाखाहरु रहेका छन् । सेवा तथा कार्य गर्न विषयको उठान सम्बन्धित शाखाबाट हुने र विषय हेरी संचालक समितिको निर्णय वा कार्यकारी सचिवको निर्णयबाट सेवा प्रदान/ कार्यक्रम गर्ने गरिएको छ । संचालक समितिको निर्णय कार्यान्वयन गर्ने / गराउने तथा सेवा प्रदानको जिम्मेवार अधिकारी कार्यकारी सचिव हुने गरेको छ ।

## (च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सामान्यतया यस कार्यालयबाट सेवा प्राप्त गर्न कुनै दस्तुर लाग्दैन तर प्रचलित कानूनले कुनै सेवा प्राप्त गर्न दस्तुर तोकेको अवस्थामा भने सोही अनुसार दस्तुर तिर्नुपर्ने हुन्छ । साथै कुनै सेवाको लागि समय किटान समेत भएको छैन । प्रचलित कानूनले समय किटान गरेको अवस्थामा सोही अनुसार हुने गरेको छ ।

## (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

नेपाल ट्रष्टको संचालन सम्बन्धमा नीतिगत र निर्णयात्मक अधिकार संचालक समितिलाई रहेको छ भने संचालक समितिले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्न ट्रष्ट कार्यालयको कार्यकारी सचिवको नेतृत्वको टोली जिम्मेवार हुने अवस्था छ । यसै गरी ट्रष्टको कार्यालयका दैनिक प्रशासनिक काम कारवाही टिप्पणीको माध्यमबाट निर्णय भएपछि हुने गरेको छ । कामको प्रकृति र प्रत्यायोजित अधिकार हेरी संचालक समिति, कार्यकारी सचिव वा सहसचिवस्तरको निर्णयबाट प्रदान गर्ने गरिएको छ ।

## (ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी

कार्यालयबाट प्रदान गरिएको कार्य/सेवामा चित्त नुबुझेमा वा समयमा सेवा प्राप्त नभएमा दैनिक प्रशासनिक प्रकृया अन्तर्गतका सेवाको लागि गुनासो अधिकृत मार्फत कार्यकारी सचिव समक्ष गुनासो गर्न सकिने व्यवस्था छ । प्राप्त उजुरी / गुनासोहरु कार्यकारी सचिवबाट सुनुवाई हुने व्यवस्था छ ।

## (झ) सम्पादन गरेको कामको विवरण

नेपाल ट्रष्टमा यसको स्थापना काल देखि हालसम्म २१५६२ रोपनी ४ आना २ पैसा १ दाम जग्गाको स्वामित्व आईसकेको छ। चल सम्पत्तिको हकमा नेपाल ट्रष्ट कोषमा आ.व. २०७३।७४ मा रु ९,९४,५०,९७३।५ आम्दानी भै उक्त आ.व को अन्त्यमा रु ४९,४७,२९,४७६।२१ पुगेको छ। त्यस्तै आ.व. २०७२।०७३ मा शेयरतर्फ नविल बैंक लिमिटेडको करिव ३३४९३५ कित्ता लाभांश शेयर रहेकोमा आ.व. २०७३।०७४ मा प्राप्त बोनस सहित नविल बैंकको कुल शेयर करिव ४३५४१५ कित्ता पुगेको छ।

होटेल डेला अन्नपुर्णको ३०,७२० कित्ता र नेपाल ईण्डष्ट्रियल डेभलपमेण्ट बैंकको ६,७५० कित्ता गरी कूल शेयर कित्ता ४७२८८५ नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ। यसरी नै कोषको स्वामित्वमा आ.व.०७२।२०७३ मा प्रभु बैंक लिमिटेडको खातामा पाउण्ड स्टर्लिङ ४७,६५६।३१ रहेकोमा आ.ब. २०७३।०७४ मा प्राप्त व्याज ८०९।७७ समेत गरी जम्मा पाउण्ड स्टर्लिङ ४८,४६६।०८ सोही बैंकमा रहेको छ। यसै गरी आ.व. २०७२।०७३ मा स्ट्याण्डर चाटर्ड बैंकमा फेला परेको अमेरिकी डलर १,३७,०१४।६० प्रभु बैंक लिमिटेडमा खाता खोली यस आ.व २०७३।०७४ मा प्राप्त व्याज १,६१०।५१ समेत गरी जम्मा अमेरिकी डलर १,३८,६२५।११ सोही बैंकमा रहेको छ।

**नेपाल ट्रष्टले आफ्नो स्थापनाको दशौ वर्ष सम्म आइपुग्दा सम्पादन गरेका कार्यहरुबाट निम्न उपलब्धिहरु हासिल गरेको छ :-**

१. नेपाल ट्रष्ट ऐन, २०६४ को उद्देश्य बमोजिम शिक्षा र स्वास्थ्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न तथा सम्पती ब्यवस्थापनको लागि कार्यविधि/विनियम/मापदण्ड लगायतको अभाव भएकोमा नेपाल ट्रष्ट कार्यक्रम (शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य) सञ्चालन कार्यविधि २०७३, नेपाल ट्रष्टको सम्पती भाडा/लिजमा लगाउने सम्वन्धी विनियम, २०७३, नेपाल ट्रष्टको सम्पत्ति अवलोकन शुल्क निर्धारण विनियमावली, २०७२ स्वीकृत भई यस्ता कार्यक्रमहरुलाई कार्यान्वयनमा गर्नको लागि केही सहजता भएको छ भने थप आवश्यक नीति तथा कानुनहरुको ब्यवस्थाका लागि पहल भैरहेको छ।

२. नेपाल ट्रष्टको कार्यालय रहेको दरवारमार्ग स्थित जग्गा लिजमा दिने काम सम्पन्न भएको छ भने ताहाचल र कमलादी स्थित जग्गा लिजमा दिने गरी प्रकृया अन्तिम चरणमा पुगेको छ।

३. आर्थिक वर्ष २०७३।०७४ मा नेपाल ट्रष्टमा करिब रु.९.५ करोड आम्दानी भई कोषमा जम्मा चल सम्पत्ति करिव ने.रु. ५०.५ करोड पुगेको छ।

४. आ.व. २०७३।०७४ मा सघन सम्पत्ति खोजविन अभियान अन्तर्गत क) तत्कालिन राजपरिवारको नाममा रहेको अचल सम्पत्ति (जग्गार जमिन) खोजविनको क्रममा १० वटा जिल्लामा सिन्धुली, रामेछाप, स्याङजा, पर्वत, तनहु, सिराहा, ताप्लेजुङ, पाँचथर, उदयपुर, दोलखामा सघन सम्पत्ति खोजविन कार्यक्रम सम्पन्न गरिएको छ। त्यसै गरी भक्तपुर जिल्लाको राधेराधे नजिक र काठमाण्डौ

जिल्ला, कालीमाटी क्षेत्रमा रहेको कानूनतः नेपाल ट्रष्टको स्वामित्वमा आउने हैसियतको करिव ८ रोपनी जग्गाहरु थप प्राप्त भएकोले सो जग्गाहरुलाई नेपाल ट्रष्टको स्वामित्वमा ल्याइएको छ ।

५. नेपाल ट्रष्टको कार्यालयले स्वदेश तथा विदेशमा रहेको सम्पत्ति खोजविन कार्यको लागि विभिन्न निकाय, संस्था र नियोगमा पत्राचार गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ ।

६. नेपाल ट्रष्टको स्वामित्वमा रहेका विभिन्न स्थानका सम्पत्ति र सम्पदाहरुको उपलब्ध स्रोत अनुसार आवश्यक मर्मत सम्भार गरी संरक्षण गर्ने कार्य भइरहेको छ ।

७. ट्रष्टको स्वामित्वमा रहेका चितवन दियालो वंगला परिसरमा रहेका ढलापडा, सुख्खा खडा तथा जोखिम युक्त रुखहरुको लिलाम बढाबढ गरी ट्रष्टको कोषमा आम्दानी गरिएको छ ।

८. ट्रष्ट स्वामित्वको कमलादीस्थित जग्गामा नेपाल ट्रष्टको कार्यालय भवन निर्माण भई मिति २०६४ मंसिर महिनादेखि कार्यालयको कामकाज सुचारु भई संचालनमा आएको ।

**(ञ) कार्यालय प्रमुख र सूचना अधिकारी ज्यूको नाम र पदः**

**कार्यालय प्रमुख**



नामः गजेन्द्र कुमार ठाकुर
पद : कार्यकारी सचिव
मोबाइल नं. : ९८४१७४३००५
ईमेल : secretary@nepaltrust.gov.np



**सूचना अधिकारी**

नामः अमृत महर्जन
पद : शाखा अधिकृत
मोबाइल नं. ९८४१२९३९०७
ईमेलः 4amaharjan@gmail.com

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

नेपालको अन्तरिम संविधान २०६३,

नेपाल ट्रष्ट ऐन, २०६४

निजामती सेवा ऐन, २०४९

सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद नियमावली, २०६४

सूचनाको हक सम्बन्धी ऐन, २०६४

सूचनाको हक सम्बन्धी नियमावली, २०६५

नेपाल ट्रष्ट नियमावली, २०६५

सम्पत्ति खोजविन कार्यविधि, २०६७

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

**आ.व.२०७४/७५ को**

**(क) आम्दानी**

(१) नेपाल सरकारको अनुदान तर्फः (वार्षिक बजेट) **५,९९,९३,९३३।८०**

(३) राजस्व तर्फको आम्दानीः २७,५००।००

(ख) **खर्च**

(१) नेपाल सरकारको अनुदान तर्फः **५,७३,८५,०४९।६४**

**(ग) धरौटी बांकीः** ९७,१०,९८५।००

**(घ) बेरुजुको अवस्थाः** बेरुजु नभएको

**ट्रष्टको नाममा रहेको शेयरको विवरणः**

| क.सं. | संस्थाको नाम | आ.व.२०७१।०७२ सम्ममा प्राप्त कुल शेयर कित्ता | आ.व.२०७२।०७३ मा प्राप्त शेयर कित्ता | आ.व.२०७३।०७४ मा प्राप्त शेयर कित्ता | कुल जम्मा शेयर |
|---|---|---|---|---|---|
| १ | नबिल बैंक लिमिटेड | २,५७,६४२ | ७७२९३ | १००४८० | ४,३५,४१५ |
| २ | होटल डेला अन्नपूर्ण | ३०,७२० | - | - | ३०,७२० |
| ३ | नेपाल औद्योगिक विकास निगम | ६,७५० | - | - | ६,७५० |
| **जम्मा** | | | | | ४,७२,८८५ |

**(ड) अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेका भए सोको विवरणः**

**मुख्य मुख्य कार्यक्रमको विवरण यस प्रकार छन् ।**

(क) तत्कालिन राजपरिवारको नाममा रहेको अचल सम्पत्ति (जग्गार जमिन) खोजविनको क्रममा १० वटा जिल्लामा सिन्धुली, रामेछाप, स्याङजा, पर्वत, तनँहु, सिराहा, ताप्लेजुङ, पाँचथर, उदयपुर, दोलखामा सघन सम्पत्ति खोजविन कार्यक्रम सम्पन्न गरिएको छ । अघिल्लो आ.व.२०७२।७३ मा सघन सम्पत्ति खोजविन कार्यबाट पत्ता लागेको ललितपुर गोदाम चौर स्थित ८-१०-३-० रोपनी, कास्की पोखरास्थित ७-६-३-० रोपनी, सिन्धुपाल्चोक थांगपालधापस्थित २७-१३-१-१ रोपनी र काठमाडौं ठमेलस्थित ०-७-०-२ रोपनी जग्गाको जग्गाधनी पुर्जा मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल ट्रष्टको नाममा ल्याइएको छ ।

(ख) नेपाल ट्रष्टको स्वामित्वका विभिन्न जिल्लामा रहेका स्थानहरुमा भएका सार्वजनिक भौतिक सम्पति तथा संरचनाहरुको मर्मत तथा निर्माण कार्य सम्पन्न गरिएका छन । रत्नमन्दिरमा क्यारी निर्माण तथा पर्खाल ममर्त कार्य सम्पन्न गरेको साथै हेटौडा स्थित बाटो बिस्तारमा भत्किन गएको भवनहरुमा रहेको सामानहरु स्टोरमा व्यवस्थित गरिएको छ । सेवा परामर्श खर्च अन्तर्गत सेवा परामर्श लिने कार्य सम्पन्न भएको छ । बार्षिक प्रतिवेदन तयारी र सम्पति विवरण अभिलेख अध्यावधिक गरिएको छ । दरबारमार्गस्थित जग्गाको तीस वर्षको लागि लिज भाडामा दिने गरी सम्झौता सम्पन्न गरिएको छ । पोखरा रत्न मन्दिर र चितवन दियालो वंगलामा रंग रोगन कार्य गरिएको छ । नेपाल ट्रष्टको स्वामित्वका विभिन्न जिल्लामा रहेका स्थानहरुमा समय समयमा नियमित अनुगमन गरिएको छ । नेपाल ट्रष्टको कमलादीस्थित जग्गामा भवन निर्माण कार्य सम्पन्न भई २०७४ साल मंसिर महिना देखि कार्यालयको कार्यहरु सञ्चालनमा आएको छ ।

**(ढ) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः**

नेपाल ट्रष्ट कार्यालयको दैनिक प्रशासनिक, प्राविधिक तथा आर्थिक गतिविधिहरु बारे सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले कार्यालयले www. nepaltrust.gov.np बेभसाइट प्रयोगमा ल्याएको छ । यसबाट प्राप्त गर्न सकिने सेवा र सुविधाहरु निम्न बमोजिम छन् ।

१. कार्यालयको परिचय

२. कार्यालयको स्वामित्वमा रहेको सम्पत्तिहरुको विवरण तथा उपयोग सम्बन्धी जानकारी

३. कार्यालयले जारी गर्ने सूचना तथा प्रतिवेदनहरु

४. कार्यालयबाट संचालन भएका विभिन्न कार्यक्रमहरुको जानकारी

५. सेवाग्राहीको सुझावर सल्लाह लिन मिल्ने गरी परिमार्जन गरिएको ।

**(ण) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

माथि उल्लेखित कुनै प्रकारको बैदेशिक सहायता नरहेको ।

**(त) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

**(थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

प्रचलित सूचना वर्गीकरण कानून अनुसार गर्ने गरिएको ।

**(द) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
यस अवधिमा सूचना माग निवेदन पेश भएको र सो सूचना तयारी अवस्था रहेको हालसम्म पटक पटक खबर गर्दा पनि लिन नआएको ।

**(ध) सार्वजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

१. नेपाल ट्रष्टको वार्षिक प्रतिवेदन

२. सम्पत्ति विवरण अभिलेख

३. ट्रष्ट कार्यालयको ब्रोसर